


# नागरिक बजेट

आर्थिक बर्ष २०८२/०८३

पकहाँ मैनपुर गाउँपालिका
गाउँपालिकाको कार्यालय,
मधेश प्रदेश

# अध्यक्षको तर्फबाट



नेपालको समविधानको प्रस्तावनामा सार्वभौमसता नेपाली जनता,जनताको सार्वभौम अधिकार,स्वायतता र स्वाशासन स्थापित गर्न परिकल्पना गरिएको छ ।आम नागरिकलाई बजेट के हो? बजेट कसरी बन्छ ? लगायत बजेट कार्यन्वयन, अनुगमन बारे खासै जनकारी छैन भन्नेमा कुनै दुईमत नहोला ।बजेट सरकारको राजनितिक,आर्थिक,सामाजिक निति तथा कार्यक्रमको समष्टिगत रुप हो।यसै सन्दर्भमा बजेट प्रकृयामा नागरीक सहभागिता पर्याप्त रूपमा भएमा बजेटका सम्पुर्ण चरण वा सार्बजनिक वित्त व्यवस्थापन प्रभावकारी हुने र बजेटको कार्यावन्यन पनि उतिकै जवाफदेही,जिम्मेवार र नागरीकको लागी लाभदायी हुनेछ भनि विश्वास लिएको छु ।

यसकारण बजेटको सरल प्रस्तुति जसमा सरकारको नितिगत उद्देश्य हासिल गर्नका लागी राजश्व परिचालन र सार्बजनिक कोषको खर्च गर्न सरकारका योजनालाई सर्वसाधारणले बुझ्ने गरी प्रस्तुत गर्न जरूरी छ ।जस अन्तर्गत बजेटका महत्वपुर्ण जानकारीहरू र नागरिकका मुल चासोका विषयहरू विशेष रुपमा समेटर सरल भाषा र स्वरुपका साथै विभिन्न किसिमाका सांकेतिक चित्र,कार्टुन र ग्राफहरुको प्रयोग गरी नागरिकको पहुँच पुग्ने माध्यम बाट यस स्थानीय सरकारको आ.ब.२०८२/०८३को बार्षिक बजेट सार्बजनिक गरिएको छ ।यो नागरिक बजेटले नगरवासी लाई बजेट प्रकृयाको सार बुझ्न सहयोग पुगोस र नगर विकासको साझेदारका रुपमा नागरिकहरूको सक्रिय भुमिका स्थापित होस भन्ने अपेक्षा गरेका छौं ।

सुरेश प्रसाद

## नागरिक बजेटको उद्देश्यः

- यस अन्तर्गत बजेटका महत्वपुर्ण जानकारीहरू र नागरिकका मुल चासोका बिषयहरूलाई विशेष रुपमा समेटि सरल भाषा(स्थानिय भाषा) र खाकाका साथै बिभिन्न किसिमका सांकेति चित्र,कार्टुन र ग्राफहरूको प्रयोग मार्फत  बजेटका आय र  खर्चका प्रमुख श्रोत तथा क्षेत्रहरू बारे नागरिकलाई जानकारी दिनु ।
- बालबालिकाको शिक्षा, स्वास्थ्य, छात्रवृति, खानेपानी, ढल, कुलो, विधुत, कर, आयआर्जन, सिपविकास आदि जस्ता चासोका विषयलाई बजेटमा प्राथमिकता देखाउनु ।
- स्थानिय सरकारले बजेटलाई नागरिकले बुझ्ने किसिमले प्रकाशन गर्ने अभ्यास गर्दा बजेट प्रक्रियामा नागरिक सहभागिता विस्तार गर्न थप योगदान पुग्न सुनिश्चित गर्नु ।

## तथ्यांकको श्रोतः

यो नागरिक बजेट पकहाँ मैनपुर गाउँपालिकको आ.ब.२०८२/०८३ को बार्षिक बजेट योजना तथा कार्यक्रम पुस्तिकाको आधारमा तयार पारिएको हो ।यो पुस्तिकाको पुर्ण पाठ गाउँपालिकाको वेब साईटमा राखिएको छ वा पालिकामा सम्पर्क गर्न सकिन्छ ।

## बजेटमा प्रयोग हुने मुख्य शब्दावली र त्यसको अर्थ

**बजेटः-** बजेट सरकारको राजनितिक,आर्थिक तथा कार्यक्रमको समष्टिगत रुपहो ।सरकारले  तयार पारेको योजना तथा कार्यक्रमहरू सम्पन्न गर्नका लागी गरिने खर्च, खर्च धान्ने श्रोतहरूको प्रक्षेपण र आउँदो बर्षको नितिगत प्राथमिकतालाई समेत बजेटमट प्रतिबिम्बित गरिएको हुन्छ ।तथापि,बजेट एउटा दस्ताबेज मात्र नभई यो बर्षभरि निरन्तर चलिरहने प्रक्रियागत चक्रहो ।जसका बिभिन्न चरणमा नागरिक समाजका साथै सरोकरवालाहरुले बजेटको स्रोत,बिनियोजन र उपलब्धिका बिषयमा छलफल र बहस चलाउन सक्दछन ।

**नागरिक बजेटः** यो बार्षिक बजेटको सरल प्रस्तुतिहो।यसमा नितिगत  उदेश्य हासिल गर्नका लागि राजस्व परिचालन र सार्बजनिक कोषको खर्च गर्ने सरकारका योजनालाई सर्बसधारणले बुझने गरी प्रस्तुत गरिएको हुन्छ ।यस अन्तर्गत बजेटका महत्वपुर्ण जानकारीहरू र नागरिकका मुल चासोका बिषयहरूलाई  विशेष रुपमा समेटि सरल भाषा(स्थानिय भाषा) र खाकाका साथै बिभिन्न किसिमका सांकेति चित्र,कार्टुन र ग्राफहरूको प्रयोग मार्फत प्रस्तुत गर्न सकिन्छ ।

**आर्थिक बर्षः-** आर्थिक बर्ष लाई वित्तिय बर्ष पनि भनिन्छ ।यसलाई अँग्रेजिमा Fiscal Yearभनिन्छ ।जुन सामान्यतया पात्रोको बर्ष सँग मेल नखान सक्छ ।उदाहरणको लागी नेपालमा बैशाख १ गते देखी नयाँ बर्ष शुरू भई चैत मसान्तमा सकिन्छ । भन्ने आर्थिक बर्ष श्रावन १ गते देखी शुरू भई असार मसान्तमा सकिन्छ ।

**निति तथा कार्यक्रमः** सरकारले आर्थिक तथा सामाजिक विकासमा बर्षभरि गर्ने कामहरूलाई क्रमबद्ध रुपमा सुचिकरण गरी बनाएका योजनाहरूको समष्टिगत रुपलाई निति तथा कार्यक्रममा समेटिएको हुन्छ । बर्षभरि गरिने आर्थिक सामाजिक विकासलाई योजनाबद्ध रुपमा अगाडि बढाउन हरेक आर्थिक बर्षको बजेट परस्तुत हुनपुर्व निति तथा कार्यक्रम प्रस्तुत गर्दै आएको छ ।संघीय सरकारको निति तथा कार्यक्रम संघिय संसदमा राष्ट्रपतिले ,प्रदेश सरकारको निति तथा कार्यक्रम प्रदेश सभाको बैठकमा प्रदेश प्रमुखले र स्थानीय तहमा प्रमुख वा उप प्रमुखले नगर/गाँउ सभामा निति तथा कार्यक्रम प्रस्तुत गर्ने प्रचलन रहेको ।

**बजेट आउने समयः** नेपालमा तिन तहका सरकारले नेपालको संबिधानको अनुसुचि ५-९ सम्म उल्लेख भएका अधिकारहरूको कार्यन्वयन र सरकार संचालनका लागी हरेक आर्थिक बर्षको बजेट ल्याउने गर्छन्।संघीय सरकारले जेष्ठ १५ गते,प्रदेश सरकारले असार १ गते र स्थानिय सरकारले असार १० गते भित्रमा आगामी आर्थिक बर्षको बजेट ल्याइसक्नु पर्दछ ।स्थानीय तहको बजेट वक्तव्य गाँउ/नगर सभामा उपाध्यक्ष/उपप्रमुखले प्रस्तुत गर्छन् ।

**संचितकोषः** राज्यका तीन तहका संरचना अनुसार संघीय संचित कोष,प्रत्येक प्रदेशका संचितकोषहरू र स्थानीय तह अन्तर्गतका गाँउपालिका र नगरपालिकामा एक एक संचितकोष रहन्छ ।

**आन्तरिक राजश्वः** स्थानीय सरकारलाई नेपालको संबिधान २०७२ले प्रदान गरेको एकल अधिकार अन्तर्गत र स्थानीय सरकार संचालन ऐन बमोजिम स्थानीय तहले निर्धारण गरी संकलन गरेको राजश्व नै स्थानीय तहको आन्तरिक राजश्व हो ।यसमा कर राजश्व र गैर कर राजश्व पर्दछन् ।

**राजश्वः** राजश्व व्यवस्थापन अन्तर्गत कर र गैरकर पर्दछन ।नेपालको संबिधान २०७२ अनुसार निम्न करहरू निम्म तहबाट संकलन गर्न सकिने व्यवस्था छ ।

- संघीय सरकारले लगाउन सक्ने कर स् भन्सार महसुल,अन्त शुल्क,मुल्य अभिबृद्धि कर,संस्थागत आयकर,व्यक्तिगत आयकर,पारिश्रमिक कर
- संघीय सरकारले लगाउन सक्ने गैरकर स् राहदानी शुल्क,भिसा शुल्क,पर्यटन दस्तुर,सेवा शुल्क दस्तुर,जुवा चिठ्ठा,क्यसिनो,दण्ड जरिवाना
- प्रदेश सरकारले लगाउन सक्ने कर स् घर जग्गा रजिष्ट्रेशन शुल्क,सवारी साधन कर मनोरन्जन कर,विज्ञापन कर,कृषि आयमा कर
- प्रदेशले लगाउन सक्ने गैरकर स् सेवा शुल्क दस्तुर,पर्यटनशुल्क ,दण्ड जरिवाना
- स्थानीय तहले लगाउन सक्ने कर स् सम्पति कर,घर वहाल कर,घर जग्गा रजिष्ट्रेशन शुल्क,सवारि साधन कर,भुमिकर(मालपोत) मनोरन्जन कर,विज्ञापनकर,व्यवसाय कर
- स्थानीय तहले लगाउन सक्ने गैरकर स् सेवा शुल्क दस्तुर,पर्यटन शुल्क,दण्ड जरिवाना

राजश्व बाँडफाँडः स्थानीय तहले संघीय सरकार र प्रदेश सरकारले संकलन गरेको राजश्वको वाँडफाँडको वापतको रकम प्राप्त गर्ने गर्दछ ।

## बिभिन्न अनुदानको व्यवस्था

वितिय समानिकरण अनुदानः संघीय सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तिय समानिकरण अनुदान दिने गर्दछ ।यसै गरी प्रदेश सरकारले संघीय सरकार बाट प्राप्त अनुदान र उठेको राजश्वलाई प्रदेश भित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजश्व क्षमताको आधारमा वित्तिय सामानिकरण अनुदान दिने गर्द छ ।

सशर्त अनुदानः नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई कुनै योजना कार्यन्वयन गर्नका लागी आवश्यक शर्त तोकि अनुदान दिने गर्दछ ।यसै अनुरुप प्रदेशले पनि प्रदेश कानुन बमोजिम स्थानीय तहलाई सशर्त अनुदान दिने गर्दछ ।

समपुरक अनुदानः संघीय सरकारले प्रदेश वा स्थानीय तहलाई पुर्वधार विकास सम्बन्धि कुनै योजना कार्यन्वयन गर्न संघिय समपुरक अनुदान कार्य विधि अनुसार देहायका आधारमा समपुरक अनुदान दिने गर्दछ ।

- योजनाको सम्भाव्यता

- योजनाको लागत
- योजनाबाट प्राप्तहुने प्रतिफल वा लाभ
- योजना कार्यन्वयन गर्न सक्ने वित्तिय तथा भौतिक क्षमता वा जनशक्ति
- योजनाको आवश्यकता र प्राथमिकता

प्रदेशले आफ्नो कानुन बमोजिम स्थानीय तहलाई समपुरक अनुदान दिने गर्दछ।

**विशेष अनुदानः** संघीय सरकारले देहायका उद्देश्य प्राप्तिको लागी आफ्नो कानुन बमोजिम प्रदेश वा स्थानीय तहबाट संचालन हुने खास योजनाको लागी विशेष अनुदान प्रदान गर्दछ ।

- शिक्षा,स्वास्थ्य,खानेपानी जस्ता अधारभुत सेवाको विकास र आपुर्ति गर्न
- अन्तर प्रदेश र अन्तर स्थानीय तहको सन्तुलित विकास गर्न ।
- आर्थिक,सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान वा विकास गर्न ।

प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम विशेष अनुदान प्रदान गर्दछ ।

**वैदेशिक सहायताः** बैदेशिक सहायता,अनुदान,ऋण लिने अधिकार नेपाल सरकारमा रहेको छ ।प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन सक्दछ ।

**आन्तरिक ऋणः** संघीय सरकार,प्रदेश तथा स्थानीय तहले राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त योगले सिफारिस गरेको सिमा भित्र रही आन्तरिक ऋण लिन सक्छन ।तर प्रदेश वा स्थानीय तहले आन्तरिक ऋण लिनु पुर्व नेपाल सरकारको सहमति लिनु पर्दछ ।

**गैर सरकारी अनुदानः** स्थानीय तहमा विकासका गतिबिधिहरू संचालन गर्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूले संघिय तथा प्रदेश कानुन बमोजिम स्थानिय तहलाई अनुदान दिन सक्दछन वा जनशक्ति परिचालन गरी आर्थिक सामाजिक आवश्यकता पहिचान गरी बिभिन्न कार्यक्रमहरू संचालन गर्न सक्छन ।


पुँजिगत खर्च: देशको  आर्थिक विकासका लागी आवश्यक दीर्घकालीन भौतिक वा स्थिर सम्पतिहरूको निर्माण वा खरिदका लागी गरिने भुक्तानी हो ।देशको तिब्र आर्थिक विकासका लागी नयाँ सम्पति,प्लान्ट,ईक्विपमेन्ट,उत्पादन,प्रविधि आदिमा गरिने लगानी नै पुँजिगत खर्च हो ।

चालु खर्च: सार्बजनिक सेवा प्रवाहका लगी हुने दैनिक खर्च, दैनिक प्रशासनिक गतिबिधि संचालन,तलब,भत्ता,भाडा लगायत एक वर्ष भन्दा कम खप्ने सामानमा खर्च गरिने नै चालु खर्चहो ।सरकार बाट प्रदान गरिने जेष्ठ नागरिक भत्ता ,एकल महिला भत्ता,बिधवा भत्ता ,अपाङ्ग भत्ता जस्ता सामाजिक सुरक्षा भत्ता भुक्तानी चालु खर्च हो ।


वितिय व्यवस्था: सरकारले बिभिन्न निकाय सँग लिएको ऋणको साँवा भुक्तानी तथा ब्याज दिने खर्च वितिय व्यवस्था खर्च हो ।सरकारले भिभिन्न संघ संस्था वा निकायलाई दिने ऋण यसै अन्तर्गत पर्दछ ।

# बजेटका प्रमुख विषयहरु


**कुल बजेटः ३४ करोड ७३ लाख ६५ हजार ८४ रुपैया**
**चालु खर्चः  २१ करोड ४२ लाख ६० हजार ८४**
**पुँजिगत खर्चः १३ करोड ३१ लाख ५ हजार**



# बजेटका आय श्रोतहरू



# क्षेत्रगत बजेट विनियोजन




**क्षेत्रगत बजेट विनियोजन**

| | | |
|---|---|---|
| कार्यालय संचालन तथा प्रशासनिक खर्च | ₹ | 214,260,084.00 |
| आर्थिक विकास | ₹ | 3,000,000.00 |
| सामाजिक विकास | ₹ | 118,405,000.00 |
| पुर्वधार विकास | ₹ | 11,200,000.00 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ₹ | 500,000.00 |
| **जम्मा** | ₹ | 347,365,084.00 |



**कार्यालय संचालन तथा प्रशासनिक खर्च**

कुलः २१ करोड ४२ लाख ६० हजार ८४

# आर्थिक विकास




# सामाजिक विकास क्षेत्र



# पुर्वधार विकास क्षेत्र



- यातायात पुर्वधार
- ६० लाख




- भवन आवास तथा शहरी विकास
- १० करोड ६० लाखा

पुर्वधार विकास

११ करोड २०

लाख

# सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र



बजेटका प्रमुख कार्यक्रमहरु

- गाउँपालिकाको  वडागत पुर्बधारका लागी गा.पा. स्तर तथा वडा स्तरबाट प्रयाप्त बजेट विनियोजन ।
- स्वस्थ्य सेवामा सुधार  स्वास्थ्य संस्था महिला बालबालिकाका लागी आवश्यक बजेट विनियोजन ।
- शैक्षिक गुणस्तर सुधार तथा शैक्षिक पुर्वधारका तथा आधुनिकिकरणका लागी प्रयाप्त बजेट विनियोजन ।
- बिप्पन समुदायका लागी आय आर्जन रोजगारी उधमशिलता विकास तथा गरिबिनिवारणका लागी १४ लाख बजेट नियोजन ।
- महिला,बालबालिकाका,तथा पिछिडिएका बर्ग,समुदायको सिप विकास तथा आयआर्नका निम्त सशक्तिकरणका लागी  वडा स्तर तथा कार्यपालिका बाट  १४ लाख बजेट विनियोजन ।
- पुर्वधारका लागी  ११ करोड  बजेट विनियोजन ।


**सम्पर्क**

पकहाँ मैनपुर गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय
पकहाँ  मैनपुर,पर्सा, मधेश प्रदेश
फोनः ९८५५०१६३४७
इमेलः  pakahamainpurmun@gmail.com


**नागरिक बजेटको लागी सहजिकरण**